"समृद्ध पुतलीबजार, सुखीनगरबासी"

# पुतलीबजार नगरपालिका स्याङ्जा

## नगरकार्यपालिकाको कार्यालय

गण्डकी प्रदेश नेपाल,

### नदीजन्य पदार्थ/स्रोतको ठेक्का व्यवस्थापनको दरभाउपत्र/वोलपत्र सम्बन्धी सूचना !

प्रथम पटक प्रकाशित मिति २०७७।४।३०

यस न.पा.को चालु आ.व. २०७७/७८मा निम्न नदीखोला नाका/घाटबाट नदीजन्य पदार्थ/प्राकृतिक स्रोत ( ढुङ्गा,गिटी,वालुवा आदि) उत्खनन, संकलन तथा ढुवानीको ठेक्का लागाउने प्रयोजनको लागि यस कार्यालयको मिति २०७७।४।३० को निर्णय अनुसार ठेक्का प्राप्त गर्नु अगाडि वा ठेक्का प्राप्त गरे पछि पालना गर्नुपर्ने निम्न शर्त बमोजिम हुने गरी दरभाउपत्र/वोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि बढीबढाउको यो सूचना प्रकाशन गरिएको छ ।

| नदीखोला र नाका/घाटहरु | | IEE प्रतिवेदन अनुसार उत्खनन् गर्न सकिने नदीजन्य पदार्थको कूल जोडको जम्मा परिमाण( घन मिटर मा) | निर्धारित दररेट प्रति घ.मी रु १४० का दरले हुन आउने र ठेक्का लगाउँदा कायम गर्नु पर्ने न्यूनतम अंक/रकम रु | सार्वजानिक खरीद ऐन/नियम आधारमा ठेक्का बन्दोवस्त गर्न छनौट गर्नुपर्ने विधी |
|---|---|---|---|---|
| १.आँधीखोलाका नाकाघाट /ठे.नं | | | | |
| १.१ | सेतीदोभान, दुलेरहदेखि पुतलीखेत सम्म (पक्कीपुल/झोलुङ्गे पुल लगाएतका बिकासका संरचनाहरुको निर्धारित मापदण्ड बाहिर) । | १४३४.८७ | २००८८१।८० | दरभाउपत्र माग |
| १.२ | छिडी देखि हेलु आँधीदरौ सम्म (पक्कीपुल/झोलुङ्गे पुल लगाएतका बिकासका संरचनाहरुको निर्धारित मापदण्ड बाहिर) । | ६५१३२.६२ | ९११८५६६।८० | बोलपत्र माग |
| २ | सुरौदी खोला,वडा नं ६ (पक्कीपुल/झोलुङ्गे पुल लगाएतका बिकासका संरचनाहरुको निर्धारित मापदण्ड बाहिर) । | २०२८.९७ | २८४०५५।८० | दरभाउपत्र माग |
| ३ | रिङ्दीखोला, वडा नं १३ । (पक्कीपुल/झोलुङ्गे पुल लगाएतका बिकासका संरचनाहरुको निर्धारित मापदण्ड बाहिर )। | ४२१२ | ५८९६८०। | दरभाउपत्र माग |
| | जम्मा | ७२८०८.४५ | १०१९३१८४।४० | |

निमित्त प्रमुख प्रशासकिय अधिकृत

शर्तहरु :-

१) दरभाउपत्रदाताले पान (**PAN**)को र वोलपत्रदाताले मु.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ताको प्रतिलिपी सहित निवेदन दिई तोकिएको दस्तुर १०००(एक हजार रुपैया मात्र)नगदै तिरी पछि फिर्ता नहुने गरि यो सूचना प्रकाशित भएको मितिले **दरभाउपत्रदाताले १५(पन्ध्र) दिन अर्थात मिति २०७७।५।१२ सम्म र वोलपत्रदाताले ३०(तीस) दिन भित्र अर्थात मिति २०७७।५।२७ सम्म कार्यालय समय भित्र** दरभाउपत्र/वोलपत्रको फाराम खरीद गर्न सक्नेछ ।

२) दरभाउपत्रदाताले १६(सोहौं) दिन अर्थात मिति **२०७७।५।१३** गते मध्यान्ह १२ बजे भित्र र वोलपत्रदाताले ३१(एकतीसौं)अर्थात मिति **२०७७।५।२८** मध्यान्ह १२ बजे भित्र यस कार्यालय दर्ता गरिसक्नु पर्नेछ । दरभाउपत्र/बोलपत्र दाखिला गर्दा शिलबन्दी गरी ठेक्काको नाम र ठेक्का नं. तथा दरभाउपत्र/बोलपत्र दाताको नाम, ठेगाना स्पष्ट रुपमा खाम वाहिर उल्लेख गर्नु पर्नेछ । पेश हुन आएका, दरभाउपत्र मिति २०७७।५।१३ गते दिनको १ बजेपछि र वोलपत्र मिति २०७७।५।२८ गते दिनको १ बजे पछि दरभाउपत्रदाता/वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । म्याद/समय नाघी आएको, कार्यालयबाट बिक्री नभएको दरभाउपत्र/वोलपत्र फाराम भरी आएको, दरभाउपत्र/वोलपत्रदाताको हस्ताक्षर एवं सहीछाप नभएको, प्रचलित कानुनको रित नपुगेको र शर्त राखी पेश भएको दरभाउपत्र/वोलपत्रउपर उपर कुनै कारवाही हुने छैन । दरभाउपत्रदाता/वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र/वोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन र खोल्ने दिन सार्बजनिक विदा वा कार्यालय वन्द रहेको दिन परेमा तत्पश्चात कार्यालय खुलेको पहिलो दिनमा उक्त कार्यहरु हुनेछन् ।

३) दरभाउपत्र/वोलपत्रसाथ आफुले कवोल गरेको जम्मा अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको ने.बै.लि.स्याङ्गजामा रहेको नं. **०७२०३०००००३००००००००१** को धरौटी खातामा जम्मा गरेको सक्कलै बैक भौचर पेश गर्नु पर्नेछ । दरभाउपत्रमा आफुले कवोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

४) दरभाउपत्र/वोलपत्र स्वीकृत भएमा, स्वीकृत भएको सूचना प्राप्त भएको मितिले बाटोको म्याद वाहेक ७ (सात) दिन भित्र दरभाउपत्रदाताले पुरै रकम र वोलपत्रदाताले आफुले कवोल गरेको रकम मध्ये न्यूनतम ५०(पचास)प्रतिशत रकम संझौता अगाडि नै यस कार्यालयको ने.बै.लि.स्याङ्गजामा रहेको नं. **०७२०३०००००१००१००००००१** को आन्तरिक राजस्व खातामा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ । कवोल अंक पुरै जम्मा नगर्ने वोलपत्रदाताले बाँकी रकमको लागि संझौता गर्नुपुर्व मान्यताप्राप्त बैकको ग्यारेन्टीपत्र पेश गर्नुपर्नेछ । एकमुष्ठ रकम संझौता अगाडि नै बुझाउनेको हकमा कवोल अंकमा १० प्रतिशत छुट दिईनेछ तर यसरी छुट दिदा न्यूनतम अंक भन्दा कम हुन जाने भएमा सो छुट दिईने छैन । कवोल गरेको अंकमा मूल्य अभिवृद्धि कर समेत जोडि असुल गरिने छ । धरौटी वापत जम्मा भएको रकमलाई किस्तामा मिलाउन पाईने छैन । ठेक्का परेपछि म्यादभित्र कवुलियत गर्न नआएमा नियमानुसार अर्को दरभाउपत्रदातालाई ठेक्का दिई त्यस्तो दरभाउपत्र/वोलपत्रदातालाई कारवाही गरिनेछ । प्राप्त दरभाउपत्र/वोलपत्रहरुहरु स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपले स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

निमित्त प्रमुख प्रशासकिय अधिकृत

५) ठेक्का अवधी समाप्त भएपछि धरौटी रकम फिर्ता लिन सम्बन्धित आन्तरिक राजस्व कार्यालयको कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ । आय कर तथा मुल्य अभिवृद्धि कर सम्बन्धमा प्रचलित आयकर ऐन तथा मु.अ.कर ऐन बमोजिम हुनेछ ।

६) नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्दा स्थानीय श्रमिकलाई परिचालन गरी श्रममूलक प्रविधि प्रयोग गर्नुपर्ने छ । उत्खनन,संकलन तथा ढुवानी कार्यमा संलग्न कामदारका लागि खानेपानी,शौचालय,सुरक्ष,स्वास्थ र दुर्घटना विमा आदिको प्रवन्ध सम्बन्धित ठेकेदारले बन्दोवस्त गर्नु पर्नेछ ।

७) मेसिनको प्रयोग गर्नु पर्ने भएमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित शर्त र सिमा भित्र रही गर्नुपर्ने छ । विपद् जोखिम संवेदनशील क्षेत्रमा मेसिनको प्रयोग गर्नुपर्ने भएमा **नगरपालिकाको** अनुमती लिनु पर्ने छ । मेसिन तथा ढुवानीका साधनसहित प्रवेश गर्दा प्रवेश आदेश लिएर मात्र प्रवेश गर्नु पर्ने छ ।

८) उत्खनन् गरिसकेपछि छनौट गरी छाडिएको काम नलाग्ने बस्तु जुन स्थानबाट निकालिएको हो सोही स्थानमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएबमोजिम तह मिलाई खाडल नहुने गरी सम्याई राख्नु पर्ने छ ।

९) नदी,खोला, खहरेमा बाढी पहिरोका कारणले ढुङ्गा,गिटी र माटोजन्य पदार्थ थुप्रिन गई सोको कारणले बस्ती तथा भौतिक संरचनामा जोखिम उत्पन्न भएको वा हुन सक्ने अवस्था सिर्जना भै प्राविधिक टोलीको सिफारिशका आधारमा **नगरपालिकाबाट** त्यस्ता पदार्थ हटाउनु पर्ने भनी विस्तृत विवरण तथा सिमाङ्कन सहित तोकेको स्थलहरु बाहेक **घनावस्ती र बनक्षेत्रको दुई किलोमिटर, राजमार्गको पाँच सय मिटिरको दुरी भित्रको नदी,सडकपुल, तथा झोलुङ्गेपुलको एक किलोमिटर तल र पाँचसय मिटर माथिको** नदीजन्य पदार्थ उत्खनन् र संकलन गर्न पाईने छैन ।

१०) उत्खनन् ,संकलन वा ढुवानी गरेको परिमाणको तोकिएको ढाँचामा दैनिक अभिलेख र दैनिक पटके बिक्री वा ढुवानी अभिलेख राखी न.पा.मा यसको मासिक विवरण पेश गर्नुपर्ने छ ।

११) उत्खनन् गर्दा नदीखोलाको मापदण्ड,स्थानीय भौगोलिक वातावरण, बैयक्तिक साम्पत्तिक अधिकार लगाएतका बिषयमा प्रचलित कानूनको सिमा भित्र रहेर मात्र उत्खनन् गर्नु पर्नेछ । उत्खनन् र संकलन गर्दा नदीखोलाको वहाव परिवर्तन नहुने गरी सिंचाई प्रणाली लगाएतका संरचनालाई समेत असर नपर्ने गरी उत्खनन् गर्नुपर्ने छ । उत्खनन् ,संकलन वा ढुवानी काम गर्दा आई परेका र भबिष्यमा पर्न सक्ने सबै प्रकारको क्षतीको लागि ठेकेदार स्वयं नै जिम्मेवार हुनेछ ।

१२) वातावरणीय अध्ययन प्रतिवेदन र ठेक्का संझौतामा उल्लेख भएको भन्दा बढी परिमाणमा र राजश्व छली उत्खनन् गर्न पाउने छैन । **नगरपालिकाबाट अनुगमनको लागि गठित कार्यदलले** अनुगमन गर्दा दोस्रो पक्षले त्यस्तो कार्य गरेको पाएमा ठेक्का अवधी बाँकी नै रहेपनि उत्खनन् ,संकलन वा ढुवानीको त्यस्तो कार्य तुरुन्त बन्द गर्नु पर्ने छ । यस्तो कार्य गरी संकलन गरेको नदीजन्य पदार्थ र ठेक्का अन्तर्गत आर्थिक बर्षको अन्त्यमा नदी किनारा तथा बन क्षेत्रमा भण्डारण गरी राखिएको नदीजन्य पदार्थ पहिलो पक्षले जफत गरी लिलाम बिक्री गरी यसबाट प्राप्त हुने आम्दानी न.पा.को सञ्चित कोषमा आम्दानी बाध्न सक्ने छ ।

निमित्त प्रमुख प्रशासकिय अधिकृत

१३) ठेकोदार वा निजसँग सम्बन्धित ढुवानीकर्ताले उत्खनन् र संकलन स्थल देखि अन्तिम गन्तव्य स्थलसम्म ढुवानी गर्दा पक्की/कच्ची सडकमा धुलो उड्न नदिने गरी सामाग्रीलाई छोपेर हिड्नु पर्ने छ । निश्चित तौल भन्दा बढी लिएर हिड्न पाईने छैन । पानी नचुहिने गरी ढुवानी गर्नुका साथै मालसामान संकलन गर्दा र खन्याउँदा सरकारी तथा सार्वजानिक जग्गा तथा सडक पेटीमा आवागमन गर्न अवरोध हुने गरी संकलन गर्न र खन्याउन पाईने छैन ।

१४) ठेकेदार वा निजसँग सम्बन्धित ढुवानीकर्ता वा बिकेता वा कसैले पनि नदीजन्य पदार्थ बिकी गर्दा यस नगरपालिकाले निर्धारित गरेको दररेट भन्दा बढी मूल्यमा बिकी गर्न पाईने छैन ।

१५) ठेकेदारले वन्द, हडताल, विपत्ति, वा कुनै पनि कारणले काम गर्न तथा रकम संकलन गर्न नपाएको भनी मिन्हा वा यस्तै अन्य सुविधाको माग दावी गर्न पाउने छैन ।

१६) ठेकेदारले उत्खनन् र संकलन कार्य गर्दा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएका शर्त,ठेक्का शर्त र अनुगमन समितिले दिएका निर्देशन पालना गर्नुपर्ने छ । उल्लेखित ब्यवस्था र शर्तहरुको उल्लघंन गरेमा पहिलो पक्षले दोस्रो पक्षको धरौटी रकम जफत गरी ठेक्का समेत तोडी थप कानूनी कारवाही गर्न सक्नेछ । ....

निमित्त प्रमुख प्रशासकिय अधिकृत